Nepali Version:

COVID-19 खोपको नयाँ व्यवस्था

स्थानीय विज्ञहरूको सल्लाहमा, सरकारले 31 मार्च 2023 मा, COVID-19 खोप व्यवस्थाको नयाँ चरण घोषणा गरेको छ ।

1) 6 महिना वा माथिका व्यक्तिहरू, यदि उनीहरू COVID-19 बाट कहिल्यै सङ्क्रमण भएको छैन भने, COVID-19 खोपको पहिलो तीन डोज निःशुल्क प्राप्त गर्न सक्छन्।

2) निम्न पाँच प्राथमिकता समूहका व्यक्तिहरूले विगतमा प्राप्त गरेको खोपको डोजको संख्यालाई ध्यान नदिई, उनीहरूको अन्तिम डोज वा COVID-19 संक्रमणको (जुन पछि हो ), छ महिना पछि थप एउटा बूस्टर डोज, 2023 भित्र निःशुल्क प्राप्त गर्न सक्छन्:

- 50 वर्ष वा माथिका व्यक्तिहरू (आवासीय हेरचाह गृहहरूमा बस्ने वृद्धहरू सहित);
- 18 देखि 49 वर्ष उमेरका अन्तर्निहित रोगहरू भएको व्यक्तिहरू;
- 6 महिना वा सोभन्दा माथिका र प्रतिरक्षामा कमी अवस्थाका व्यक्तिहरू;
- गर्भवती महिलाहरु; र
- स्वास्थ्यकर्मीहरू ।

योग्य व्यक्तिहरूले, २० अप्रिल बिहान ९:०० बजेदेखि वेबसाइट (https://booking.covidvaccine.gov.hk) मार्फत अपोइन्टमेन्ट लिन सक्छन् ।

५० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरू/प्रतिरक्षामा कमी भएका व्यक्तिहरू, जो कहिल्यै COVID-19 बाट संक्रमित भएका छैनन्, उनीहरूले COVID-19 खोपको तेस्रो डोजको ३ महिनापछि अर्को डोज प्राप्त गर्न सक्छन्।

3) 20 अप्रिल 2023 देखि, थप बुस्टर डोज प्राप्त गर्न चाहने तर माथि तोकिएका समूहहरूमा नपरेका जनताका सदस्यहरू खोपको लागि आफ्नै खर्चमा प्राइवेटमा जानुपर्नेछ । जसले २० अप्रिल अघि खोपको लागि बुकिङ गरेका छन् , उनीहरुलाई असर पर्दैन।

विवरणहरूको लागि, कृपया प्रेस विज्ञप्तिलाई सन्दर्भ गर्नुहोस्:

https://www.info.gov.hk/gia/general/202303/31/P2023033100694.htm

संस्करण मिति: 31 मार्च 2023